मिथिला नगरपालिका नगर कार्यपालिकाको कार्यालय ढल्केबर, धनुषा मधेश प्रदेश, नेपाल २०७३

आज मिति २०८०/०९/२६ गते बिहिबारका दिन मिथिला नगरपालिकाको कार्यालयमा मिथिला नगरपालिकाका नगर प्रमुख श्री महेन्द्र महतो ज्यूको अध्यक्षतामा देहायका महानुभावहरूको उपस्थितिमा मिथिला नगरपालिका क्षेत्र भित्र शान्ति सुव्यवस्था कायम गर्ने सम्बन्धमा छलफल भई देहायका निर्णयहरू पारित गरियो ।

उपस्थिति :

१. श्री महेन्द्र महतो - नगर प्रमुख
२. श्री सुनिता सिंह बुढाथोकी - नगर उप-प्रमुख
३. श्री नरेन्द्र कार्की - प्रहरी उपरीक्षक, नेपाल प्रहरी, विशेष सुरक्षा गण
४. श्री राम बहादुर स्याङ्तान - नगर कार्यपालिका प्रवक्ता
५. श्री बिहारी महतो - वडा अध्यक्ष, वडा नं. २,
६. श्री रामचन्द्र महतो कोइरी - " " " " ५
७. श्री नन्द किशोर यादव - " " " " ६
८. श्री राज किशोर साह - प्रहरी निरीक्षक (इ.प्र.का. ढल्के)
९. श्री महेश सिंह धामी - सशस्त्र प्रहरी निरीक्षक (सुरक्षा बेस नक्त्याझिज)
१०. श्री संजय कुमार यादव - प्रहरी नायब निरीक्षक (ट्राफिक प्र.का. ढल्के)
११. श्री बिजय कुमार साह - पत्रकार (गोरखापत्र)
१२. श्री अमरेश्वर साह - नि. प्रमुख प्रशासकीय अधिकृत

छलफलका प्रस्तावहरू :

१) ढल्केबर चोक र आसपास क्षेत्रमा देखिएका बिकृती र सो बाट सिर्जित सामाजिक/सांस्कृतिक विसंगती न्यूनीकरण सम्बन्धमा ।
२) ढल्केबर चोकमा CC Camera जडान गर्ने सम्बन्धमा ।

मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल
२०७३

३) राजमार्ग तथा मुख्य चोक आसपासका सडक बत्ती मर्मत सम्बन्धमा।

४) क्रशर तथा बालुवा प्रशोधन उद्योगको अनुगमन गर्ने सम्बन्धमा।

५) समुदाय प्रहरी साझेदारी कार्यक्रम संचालन सम्बन्धमा।

छलफलका निर्णयहरू :

१) प्रस्ताव नं. १) उपर छलफल गर्दा, ढल्केबर चोक आसपास क्षेत्रमा रहेका लज सहितका होटल र डान्सबारका कारण यौनजन्य विकृति बढ्दै गएको भन्ने जनगुनासो व्यापक रहेको पाइएकोले त्यस्ता होटल तथा बारहरूको अनुगमन गरि विकृतिजन्य क्रियाकलाप संचालनमा सक्रिय रहेको पाइएमा कानून अनुसार कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो।

२) प्रस्ताव नं. २) उपर छलफल गर्दा, ~~[illegible]~~ नगरपालिकाद्वारा ढल्केबर चोकमा यस अघि जडान गरिएका c.c. camera हरूको मर्मत तथा स्तरोन्नती गर्ने र आवश्यक पर्ने स्थानमा नयाँ cc camera हरू जडान गर्ने निर्णय गरियो।

३) प्रस्ताव नं. ३) उपर छलफल गर्दा, राजमार्ग आसपास र मुख्य चोक बजारमा जडान गरिएका सडक बत्तीहरूको नियमित मर्मत सम्भार गर्ने र स्तरोन्नती गर्ने निर्णय गरियो।

४) प्रस्ताव नं. ४) उपर छलफल गर्दा, मिथिला न.पा. क्षेत्रभित्र रहेका क्रशर तथा बालुवा प्रशोधन उद्योगहरूको अनुगमन गरी सो अनुगमनबाट प्राप्त हुने प्रतिवेदन बमोजिम तथा कानून बमोजिम आवश्यक कारबाहीका लागि सिफारिस गर्नका लागि स्थानीय सुरक्षा निकायहरूलाई समेत समावेश गरि अनुगमन समिति गठन गर्ने निर्णय गरियो

मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

४) प्रस्ताव नं. ४) उपर छलफल गर्दा, नेपाल प्रहरी र नगरपालिकाको साझेदारीमा समुदाय प्रहरी साझेदारी, कार्यक्रम संचालन गर्ने निर्णय गरियो।